आज मिति २०८१।०५।२८ गते शुक्रबार दिनको ३:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्दन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री विरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०८१।०५।२८

बैठकका प्रस्तावहरु:

प्रस्ताव नं.१) मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) कृषि तथा पशु सेवा केन्द्र उदघाटन तथा हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.३) स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन कार्यविधि,२०८१ सम्बन्धमा ।

प्रस्ताव नं.४) मिथिला नगरपालिकाको १४औं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम संचालन गर्ने सम्बन्धमा

प्रस्ताव नं.५) मिथिला नगरपालिका वडा न ८ मा आयुर्वेद शाखा स्थापना सम्बन्धमा ।

प्रस्ताव नं.६) मिथिला नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने जडिवुटी, कवारी तथा जिवजन्तुको ठेक्का वन्दोवस्ती गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) विविध सम्बन्धमा।

## बैठकका निर्णयहरुः

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा प्रदेश निर्वाचन कार्यालय, मधेश प्रदेश,जनकपुरको च.नं. ४ मिति २०८१।०४।१९ गतेको पत्रबाट मतदाता नामावलीमा नाम दर्ता गर्न स्थापना गर्न आयोगबाट अनुमतिका लागि स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८१ को अनुसूची-१ वमोजिम आवश्यक पूर्वाधारसहितको दर्ता स्टेशन यस नगरपालिका र मातहतको वडा कार्यालयमा स्थापना गर्न सम्बन्धित निकायमा निवेदन पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय, वर्दिवास, महोत्तरीको च.नं १०४ मिति २०८१।०५।२८ गतेको पत्रबाट कृषि तथा पशु सेवा केन्द्र उदघाटन तथा हस्तान्तरण सम्बन्धमा कृषि तथा पशु सेवा केन्द्रको नवनिर्मित्त भवन स्वामित्व ग्रहण गर्ने निर्णय पारित गरियो।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन कार्यविधि निर्माण गर्ने सम्बन्धमा भएको छलफलबाट मिथिला नगरपालिका स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन कार्यविधि, २०८१ निर्माण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मिथिला नगरपालिकाको १४औं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम संचालन गर्ने सम्बन्धमा भएको छलफलबाट मिति २०८१ साल असोज १ गतेबाट बजेट तथा कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मिथिला नगरपालिका वडा न ८ मा आयुर्वेद शाखा स्थापनाका लागि पत्र पठाइएकोमा उक्त आयुर्वेद शाखा मिथिला नगरपालिका वडा न ८ मा स्थापना गर्न सम्बन्धित निकायमा माग गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मिथिला नगरपालिकाबाट निकासी हुने जडिवुटी, कवारी तथा जिवजन्तुको ठेक्का वन्दोवस्ती गर्ने सम्बन्धमा छलफलबाट मिथिला नगरपालिका क्षेत्र भित्रको जडिवुटी, कवारी तथा जिवजन्तुको निकासीबाट रु.१५(प्रन्ध) लाख न्युनतम मुल्य निर्धारण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मिथिला नगरपालिका ... वडा कार्यालयबाट पेश भएका सिफारिस सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो।

क० टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०८१ निर्माण गर्ने निर्णय गरियो ।

ख० विभिन्न निकायबाट जग्गा प्राप्तिका लागि सिफारिस माग भएकोमा उक्त जग्गा यकिन गर्नका लागि तपसिल वमोजिम समिति रहने गरी समिति गठन गरी र सो समितिले एक महिना भित्र नगर कार्यपालिका बैठकमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

तपसिल

१. सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक
२. अमिन - सदस्य
३. कानुनी सल्लाहकार - सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

ग० राष्ट्रिय तथा अन्तराष्ट्रिय पालिकाहरुसंग अन्तरसम्वन्ध कायम गर्नका लागि भगिनी सम्बन्ध स्थापना गर्ने निर्णय गरियो ।

घ० मिथिला नगरपालिका वडा नं ९बाट च नं १९९ मिति २०८१।०४।३० गतेको पत्रबाट लक्ष्मी दामाईलाई आर्थिक सहयोग माग भएकोमा उक्त व्यक्तिलाई अन्य सामाजिक सहायताबाट रु.४०(चालिस) हजार उपलब्ध गराउने निर्णय गरियो ।